Prepp

Practice, Learn and Achieve Your Goal with Prepp

# UGC NET Exam

## Nepali

Simplifying
**Government Exams**

SSC CHSL | IAS EXAM | RRB NTPC | NTSE | CDS | SSC CGL | CBSE UGC NET | IBPS PO | NDA | SBI PO | IBPS CLERK | AFCAT | SSC JE | CTET | CSIR UGC NET | CAPF | IBPS RRB

www.prepp.in

# PAPER-II
# NEPALI

**Signature and Name of Invigilator**

1. (Signature) ____________________________
   (Name) ____________________________
2. (Signature) ____________________________
   (Name) ____________________________

OMR Sheet No. : ...............................................
(To be filled by the Candidate)

Roll No. | | | | | | | | |
(In figures as per admission card)

Roll No.____________________________
(In words)

**D 3 4 1 2**

Time : $1\frac{1}{4}$ hours] [Maximum Marks : **100**

Number of Pages in this Booklet : **8**

Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (A), (B), (C) and (D). You have to darken the circle as indicated below on the correct response against each item.
   **Example :** Ⓐ Ⓑ ● Ⓓ
   where (C) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Paper I Booklet only.** If you mark at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, you will render yourself liable to disqualification.
9. You have to return the test question booklet and Original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There is no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. पहले पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए ।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं ।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी । पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए उसके कवर पेज पर लगी कागज की सील को फाड़ लें । खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें ।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं । दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात् किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें । इसके लिए आपको पाँच मिनट दिये जायेंगे । उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा ।**
   (iii) इस जाँच के बाद OMR पत्रक की क्रम संख्या इस प्रश्न-पुस्तिका पर अंकित कर दें ।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (A), (B), (C) तथा (D) दिये गये हैं । आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है ।
   **उदाहरण :** Ⓐ Ⓑ ● Ⓓ
   जबकि (C) सही उत्तर है ।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पत्र I के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं । यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिह्नांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा ।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें ।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें ।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं ।
9. आपको परीक्षा समाप्त होने पर प्रश्न-पुस्तिका एवं मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें । हालांकि आप परीक्षा समाप्ति पर OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं ।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें ।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है ।**
12. **गलत उत्तरों के लिए कोई अंक काटे नहीं जाएँगे ।**



Latest Sarkari Jobs, Govt Exam Results,
Vacancies and updates on one click
Know More

# NEPALI
# नेपाली
## PAPER – II
## प्रश्नपत्र – II

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. Attempt **all** the questions.

**द्रष्टव्य** : यस प्रश्नपत्रमा **पचासवटा (50)** बहु-विकल्पी प्रश्न छन् । प्रत्येक प्रश्न **दुई** (2) अङ्कको छ । **सबै** प्रश्नका उत्तर लेख्नु अनिवार्य छ ।

**1.** प्रयोजनवती लक्षणामा व्यञ्जनाको प्रतीति अपरिहार्य हुन्छ भन्ने आचार्य को हुन् ?

(A) भर्तृहरि ।

(B) मम्मट ।

(C) विश्वनाथ ।

(D) जगन्नाथ ।

**2.** "भाव छ कविका मनमा जस्तो, कविता उस्तै हुन्छ ।
कवि कविता हो, कविता कवि हो, कवि नै कविता हुन्छ ।।"

– कवितालाई यसरी परिभाषित गर्ने साहित्यकार को हुन् ?

(A) सोमनाथ सिग्द्याल ।

(B) कोमलनाथ अधिकारी ।

(C) पारसमणि प्रधान ।

(D) बालकृष्ण सम ।

**3.** "कठै सम्झी होलिन् वन सखि बिहाको पनि दिनै
दुख्यो होला सारै हृदय मृदुलाको कति बरा !
कठै लाग्यो होला शर हृदयमा हा वन चरा !"

– यी पङ्क्तिमा कसको हृदयमा शरको आघात परेको कुरा उल्लेख गरिएको हो ?

(A) 'तरुण-तपसी' – मा व्याधाको वाण लागेकी चरी ।

(B) 'सुलोचना' – मा अनङ्गबाट अलग्ग पारिएकी सुलोचना ।

(C) 'रावण-जटायु युद्ध' – मा रावणले हरण गरिएकी सीता ।

(D) 'शाकुन्त' महाकाव्यमा दुष्यन्तसित वियोग भएपछिकी शकुन्तला ।

**4.** तल समूह 'क' - मा दिइएका कुन कुन शब्द समूह 'ख' - मा उल्लेख गरिएका कुन कुन भाषाबाट नेपालीमा आएका हुन् सो खुट्ट्याएर निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस् –

| **समूह – 'क'** | **समूह – 'ख'** |
|---|---|
| (क) उटपट्याङ, खिर्की | (i) तिब्बती |
| (ख) यती, रक्सी | (ii) हिन्दी |
| (ग) पटुका, बाउसे | (iii) फारसी |
| (घ) चर्खा, हजार | (iv) मगर |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iii) | (i) | (iv) | (ii) |
| (B) | (ii) | (i) | (iv) | (iii) |
| (C) | (iv) | (iii) | (i) | (ii) |
| (D) | (iii) | (iv) | (ii) | (i) |

**5.** नेपालीमा कारकको शून्य-विभक्तिको प्रयोग कहाँ हुन्छ ?

(A) सामान्य अकर्मक क्रियाको कर्त्तामा ।

(B) भूतकालिक सकर्मक क्रियाको कर्त्तामा ।

(C) अकर्मक क्रियाको असमापिका रूपमा ।

(D) सकर्मक क्रियाको कर्ममा ।

**6.** ध्वन्यात्मक लिपिका यी चिह्नले क्रमशः कुन कुन ध्वनिको प्रतिनिधित्व गर्दछन् - ɳ ɲ ŋ

(A) ङ्   न्   ण्

(B) ण्   ञ्   ङ्

(C) ञ्   ण्   न्

(D) न्   ञ्   ण्



Latest Sarkari Jobs, Govt Exam Results, Vacancies and updates on one click
Know More

7. जर्मन भाषामा 'पञ्चतन्त्र' – को पहिलोपल्ट अनुवाद कसले गरेका हुन् ?
(A) विलियम जोह्न थोम्स ।
(B) फ्रेडरिख म्याक्समुलर ।
(C) मोनिअर विलियम्स ।
(D) थ्योडोर बेनफे ।

8. "दुइ पहाड पहाड जुधेसरि, युगल भेल जुधेर उठे सरि ।
दुइ हुरी दुइतर्फ लडेसरि, अब लडे रणमा रणकेशरी ।।"
– यस पद्यमा कुन अलङ्कार पाइन्छ ?
(A) दृष्टान्त । (B) अनन्वय ।
(C) तुल्ययोगिता । (D) मालोपमा ।

9. "प्रत्येक कविताको आफ्नै काव्यशास्त्र हुन्छ ।" – यो मनाइ कसको हो ?
(A) क्लिन्थ ब्रुक्स ।
(B) जोह्न क्रो न्यान्सम ।
(C) विलियम एम्पसन ।
(D) टि. एस. इलियट ।

10. चार थरीका नाट्यवृत्तिमध्ये कुनचाहिँ वृत्ति भाषिक व्यापारमूलक हुन्छ ?
(A) भारती । (B) सात्वती ।
(C) कैशिकी । (D) आरभटी ।

11. आख्यानको कथानक-विधानमा अन्तर्निहित 'फ्रित्याग-त्रिकोण' वा 'फ्रित्याग-पिरामिड' भन्नाले के बुझिन्छ ?
(A) आख्यानमा अन्तर्निहित भूत, वर्तमान र भविष्यत् कालको चित्रात्मक प्रस्तुति ।
(B) घटना, पात्र र परिवेश माझ सम्बन्धको ढाँचा ।
(C) कृतिमा विगत, आगत र आगामी घटनाहारुको प्रस्तुति क्रमविशेष ।
(D) कथानकको थालनी, उत्कर्ष र फलागमको रेखाचित्र ।

12. "स्वर्ग भन्ने उता छैन, यतै छ, सब देवता ठूला, बडाहरू नै हुन्" – यो उद्धरण कहाँबाट लिइएको हो ?
(A) देवकोटाको 'सुलोचना' ।
(B) बालकृष्ण समको 'चिसो चुह्लो' ।
(C) समको 'मुटुको व्यथा' ।
(D) देवकोटाको 'शाकुन्तल' ।

13. तलको वाक्यमा शीर्षपद खुट्याएर निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस् –
त्यस चालकले त्यो थोत्रे गाडी दिनभरि कुदायो ।
(A) चालकले, थोत्रेगाडी, कुदायो ।
(B) चालक, गाडी, कुद् ।
(C) चालकले, गाडी, कुदायो ।
(D) त्यस, त्यो, दिनभरि ।

14. सस्युरले भाषाका वस्तु र रूप गरी जम्मा दुई तह देखाए भने वस्तु, रूप, कथ्य र अभिव्यक्ति गरी जम्मा चारवटा तह देखाउने भाषाविज्ञानी को हुन् ?
(A) सिड्नी एम. ल्याम्ब ।
(B) केनेथ ली पाइक ।
(C) भी म्याथेसियस ।
(D) लुई ह्येल्म्स्लेव ।

15. 'रीति र वृत्ति मूलत: दुवै एकै हुन्' भन्दै नियत वर्णव्यापार नै यी दुवैको विशेषता हो भन्ने आचार्य को हुन् ?
(A) कुन्तक ।
(B) मम्मट ।
(C) रुद्रट ।
(D) वामन ।



Latest Sarkari Jobs, Govt Exam Results, Vacancies and updates on one click
Know More

16. तलका कुन कुन आचार्यले रीतिका कुन कुन भेद माने ? समूह 'क' – का आचार्य र समूह 'ख' – का रीति-भेद माझ जोडा मिलाइए निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस् –

| समूह – 'क' | समूह – 'ख' |
|---|---|
| (क) वामन | (i) सुकुमार, विचित्र, मध्य मार्ग । |
| (ख) आनन्दवर्द्धन | (ii) पाञ्चाली, वैदर्भी, गौडी, लाटी । |
| (ग) कुन्तक | (iii) वैदर्भी, गौडीय, पाञ्चाली । |
| (घ) अग्निपुराणकार | (iv) असमासा, मध्य समासा, दीर्घ समासा । |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (i) | (ii) |
| (B) | (iv) | (i) | (ii) | (iii) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (ii) | (iv) | (i) | (iii) |

17. स्फोटरूप शब्द र ध्वनिरूप शब्दमा के भिन्नता छ ?
(A) स्फोट रूप शब्द उच्चार्य र तारतम्यमूलक हुन्छ, ध्वनि रूप शब्द अनुच्चार्य र तारतम्यमुक्त हुन्छ ।
(B) ध्वनि रूप शब्द श्रव्य, हुन्छ, स्फोट रूप अश्रव्य ।
(C) स्फोट रूप शब्द कार्यरूप हुन्छ भने ध्वनि रूप शब्द नित्यरूप हुन्छ ।
(D) ध्वनि रूप शब्द चेतनाग्राह्य हुन्छ भने स्फोट रूप शब्द कर्णगोचर हुन्छ ।

18. शब्दको अर्थाभिव्यञ्जक सामर्थ्यलाई 'वृत्ति' – को संज्ञा दिने आचार्य को हुन् ?
(A) आनन्दवर्द्धन । (B) प्रभाकर ।
(C) मम्मट । (D) नागेशभट्ट ।

19. "ध्वन्यात्मक दृष्टिले समान भई परिपूरक वितरण वा मुक्त परिवर्तनमा आउने एक वा एकभन्दा बढी……लाई वर्ण भनिन्छ ।" – तल दिइएका वैकल्पिक शब्दावलीबाट यस वाक्यमा रहेको खाली ठाउँ भर्न उपयुक्त शब्दावली खुट्याएर निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस् –
(A) ध्वनिहरू ।
(B) स्वनिमिक एकाइहरू ।
(C) ध्वनिहरूको समूह ।
(D) ध्वनिशृङ्खला ।

20. नोअम चम्स्कीले 'सार्वभौम व्याकरण' पदावली कुन अर्थमा प्रयोग गरेका हुन् ?
(A) संसारमा भाषा अनेकौँ छन्, तर व्याकरण सबैको एउटै हुन्छ ।
(B) सबै भाषाको आधारभूत संरचना एउटै हुन्छ ।
(C) व्याकरण भनेको भाषाको सार्वभौम रूपको व्याख्या हो ।
(D) संसारका भाषाहरूका वाह्य संरचना मात्र पृथक पृथक हुन्छन्, आन्तरिक संरचना सबैको समान हुन्छ ।

21. "समालोचना दुई किसिमका हुन्छन् । एक कन्स्ट्रक्टिव (संयोजन) र अर्को डिस्ट्रक्टिव (स्फोटक) विनाशक । कुनै जोर्छन्, कुनै फोर्छत् ।" – यसो भन्ने लेखक को हुन् ?
(A) रत्नध्वज जोशी ।
(B) लक्ष्मीप्रसाद देवकोटा ।
(C) हृदयचन्द्रसिंह प्रधान ।
(D) रामकृष्ण शर्मा ।

22. "बाङ्देलले गरिब पात्रको विषयमा लेख्नुभएको छ तर गरिबीको विषयमा लेख्नुभएको छैन ।" – यो मन्तव्य कसले प्रकट गरेका हुन् ?
(A) गणेशलाल सुब्बा ।
(B) कृष्णचन्द्रसिंह प्रधान ।
(C) राजनारायण प्रधान ।
(D) इन्द्रबहादुर राई ।

23. संस्कृत व्याकरणका 'मुनित्रय' कसलाई भनिएको छ ?
(A) पाणिनि, भर्तृहरि, पतञ्जलि ।
(B) यास्क, पाणिनि, पतञ्जलि ।
(C) पाणिनि, पतञ्जलि, कात्यायन ।
(D) यास्क, पाणिनि, कात्यायन ।

24. "ग्यास च्याम्बरमा उसिनिएका सपनाहरूबिच
एउटा देश छ मेरो
सपनाको एउटा देश"
– यस कवितांशका कवि को हुन् ?
(A) ईश्वर वल्लभ ।
(B) पारिजात ।
(C) अगमसिंह गिरी ।
(D) जीवन थिङ ।



Latest Sarkari Jobs, Govt Exam Results, Vacancies and updates on one click
Know More

25. "कुसङ्गतमा परेका बदमास छोरा भए
मेरा प्रकाशित कविताहरू
छाडी गए मलाई अलन्तारमा ।
× × ×
तर मेरो अरथी उठाउन आउने छ
त्यही सधैँको मेरो अन्तरको अलिखित कविता ।"
– यस कवितांशको तात्पर्य के हो ?
(A) मैले कविताका नाउँमा दोषपूर्ण कुराहरू मात्रै लेखेँ भन्ने कविको आत्मस्वीकृति ।
(B) नलेखिन्जेल मात्र कविको आफ्नो हुन्छ, लेखिसकेपछि कविता उसका लागि परचक्री बन्दछ ।
(C) प्रकाशित नगरिएका भए कविताको दोष कसैले थाहा पाउने थिएनन् ।
(D) वास्तविक कविता सधैँ अलिखित नै रहन्छ ।

26. यीमध्ये कुनकुन लिपि दाहिनेदेखि देब्रेतिर लेखिन्छन् ?
(A) हिब्रु र खरोष्ठी ।
(B) कोल र शारदा ।
(C) सिद्धमात्रिका र कैथी ।
(D) टाकरी र गुरुमुखी ।

27. कस्तो काव्य-ध्वनिलाई 'कविनिबद्धप्रौढोक्तिसिद्ध ध्वनि' भनिन्छ ?
(A) कविले आफूभन्दा अधिका प्रौढ कविहरूप्रति श्रद्धा अभिव्यक्त गरेको सूचित गर्ने ।
(B) कवितामा परिपक्व निबन्धकारले जस्तो विचार व्यक्त भएको बुझाउने ।
(C) प्रौढ परिपक्व र सिद्धहस्त कविका कवितामा पाइने ध्वनि ।
(D) काव्यमा पात्रका सम्वाद वा उक्तिमा पाइने ध्वनि ।

28. 'शिरीषको फूल' उपन्यासको प्रधान दृष्टिबिन्दु कुन हो र त्यो कसमा निहित छ ?
(A) सकमबरीमा निहित सर्वदर्शी बाह्य दृष्टिबिन्दु ।
(B) सुयोगवीरमा निहित सीमित सर्वदर्शितायुक्त दृष्टिबिन्दु ।
(C) सुयोगवीरमा निहित सीमितदर्शी आन्तरिक दृष्टिबिन्दु ।
(D) उपन्यासकारमा निहित सर्वदर्शी आन्तरिक दृष्टिबिन्दु ।

29. "त्यो सन्तोष र आनन्दलाई किन मैले भोलिपल्टै बिहान तिर्नुपरेको नि पाई पाई चुक्ती गरेर ? किन तिनताकको मेरो सुखले प्रत्येक बिहान विषादको रूप लिन्थ्यो ?"
– यो कथन कसको हो ?
(A) 'शिरीषको फूल' - मा सकमबरीको ।
(B) 'अनुराधा'- मा कोमलमानको ।
(C) 'नीलकण्ठ' मा 'म' पात्रको ।
(D) 'तीनघुम्ती' - मा इन्द्रमायाको ।

30. "हिन्द महासागरतिर चल्ने पानी जहाजको
एक सामान्य कर्मी अरे ऊ
वर्षेनी दुई-तीन महिना छुट्टी बिताउन
ऊ यता आउने गर्छ ।
वर्षैपिच्छे यहाँ हामीलाई उसको प्रतीक्षा हुन्छ ।
ऊ आउन ढिलाउँदा
हामी निकै चिन्तित हुन्छौँ ।"
– यस कवितांशमा उल्लेख गरिएको 'ऊ' को हो ?
(A) चैत-वैशाखतिर चल्ने चक्रवात र हुरी-बतास ।
(B) जीवन चिङको 'नार्सिसस' खण्डकाव्यको एउटा पात्र ।
(C) राजेन्द्र भण्डारीको एउटा कविताको पात्र ।
(D) मनसुन ।



Latest Sarkari Jobs, Govt Exam Results, Vacancies and updates on one click
Know More

31. "जस्तै मनुष्यमा राजा विद्यार्थीहरूका गुरु ।
त्यसरी भाव सबमा स्थायिभाव ढुलो गुरु ।।" – नेपालीमा अनूदित यो मत कसको हो ?
(A) भरतमुनि ।
(B) भट्टनायक ।
(C) अभिनवगुप्त ।
(D) विश्वनाथ ।

32. "हामी हात बिनाको अँगालो बढाउँछौँ ।
तर बिना हातको अँगालो अँगालो हुँदैन
यसैले हाम्रो रङ हुँदैन ।"
– यी पङ्क्तिका रचनाकार को हुन् ?
(A) भूपि शेरचन ।
(B) युद्धवीर राणा ।
(C) नोर्जाङ स्याङ्देन ।
(D) मनप्रसाद सुब्बा ।

33. "गाऊ गीत यहाँ भुलेर अधिको आशा पुरानो तिमी
सम्झी जीवनको अदूर दिनको नाता पुरानो तिमी"
– यी पङ्क्ति कहाँबाट लिइएका हुन् ?
(A) माधव घिमिरेको 'गौरी' खण्डकाव्य ।
(B) देवकोटाको 'शाकुन्तल महाकाव्य' ।
(C) शम्भुप्रसाद ढुङ्ग्यालको 'शकुन्तला' नाटक ।
(D) अगमसिंह गिरीको 'तिहार' कविता ।

34. "अनुराधा एउटै उपन्यासमा सब थोक हुन खोजेको छ र मूल काममा अलमल छ; उपन्यासमा सम्पूर्ण कुरा छन् तर सिङ्गो सम्पूर्णता छैन ।"
– 'अनुराधा' उपन्यासबारे यस किसिमको टिप्पणी गर्ने समालोचक को हुन् ?
(A) कृष्णचन्द्रसिंह प्रधान
(B) इन्द्रबहादुर राई ।
(C) राजनारायण प्रधान ।
(D) वासुदेव त्रिपाठी ।

35. कस्तो क्रिया-रूपलाई 'योजिका' भनिन्छ ?
(A) संयुक्त क्रियापदको अन्त्यमा आउने सहायक क्रियापद ।
(B) दुईवटा उपवाक्यलाई जोडेर संयुक्त वाक्य बनाउने क्रियापद ।
(C) संयुक्त क्रियापदको सुरुको अंश ।
(D) संयुक्त क्रियापदको दोस्रो धातु ।

36. संयुक्त क्रियापदका अङ्ग कुन कुन हुन् ?
(A) धातु र प्रत्यय ।
(B) काल, वाच्य र भाव ।
(C) धातु, परसर्ग र पूर्वसर्ग ।
(D) मेरु, रञ्जक र योजिका ।

37. "मेरो विचारमा त आत्मा पनि दुई किसिमको होला – एउटा भाले आत्मा, एउटा पोथी आत्मा ।" – आलाका भस्ता हुई भेद देखाउने लेखक को हुन् ?
(A) लक्ष्मीप्रसाद देवकोटा ।
(B) हृदयचन्द्रसिंह प्रधान ।
(C) कृष्णचन्द्रसिंह प्रधान ।
(D) बालकृष्ण सम ।

38. तल समूह 'क' मा उल्लिखित कुन कुन वाक्को कस्तो प्रवृत्ति मानिएको छ, समूह 'ख' का शब्दका आधारमा खुटयाएर निर्दिष्ट स्थानमा चिह्न लगाउनुहोस् –

| **समूह – 'क'** | **समूह – 'ख'** |
|---|---|
| (क) परा वाक् | (i) बुद्धि ग्राह्य |
| (ख) पश्यन्ती वाक् | (ii) कर्णगोचरी |
| (ग) मध्यमा वाक् | (iii) मनोगोचरी |
| (घ) वैखरी वाक् | (iv) परमचैतन्यग्राह्य |

| | (क) | (ख) | (ग) | (घ) |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (ii) | (i) |
| (B) | (iv) | (i) | (ii) | (iii) |
| (C) | (ii) | (iii) | (iv) | (i) |
| (D) | (iv) | (iii) | (i) | (ii) |

39. "यसरि किन बहूतै गर्दछस् सेखि घेरै ।
प्रभुकन त परै राख् जोरि छैनस् तँ मेरै ।।"
– 'रामायण'मा यो सम्वाद कस-कसका बिचमा भएको हो ?
(A) हनुमान र मेघनाद ।
(B) सुग्रीव र बाली ।
(C) रावण र जटायु ।
(D) हनुमान र रावण ।

40. 'नचरी' नामक नेपाली लोक-नाट्यमा कस्तो कथा प्रस्तुत गरिन्छ ?
(A) 'रामायण' को कथा ।
(B) कृष्णलीलाको कथा ।
(C) कौरव र पाण्डवको कथा ।
(D) शिव र पार्वतीको कथा ।



Latest Sarkari Jobs, Govt Exam Results, Vacancies and updates on one click
Know More

41. "दुलाहाभन्दा मायालु नाठो हितैको परानी
हली है राजा खेताली रानी, बाउसे खरानी"
– यो कुन प्रकारको लोकगीत हो ?
(A) घाँसे गीत ।
(B) गोडेलो गीत ।
(C) असारे गीत ।
(D) दँयेरे गीत ।

42. मार्क्सवादी सिद्धान्त अन्तर्गत 'आइडियोलजी' को व्याख्या गर्ने क्रममा लुई आल्थ्युसरले प्रयोग गरेको 'दर्पण-प्रतिबिम्ब' सिद्धान्त का मूल प्रतिपादक को हुन ?
(A) मिसेल फुको ।
(B) जाक लकाँ ।
(C) फेलिक्स ग्वातारी ।
(D) फ्रेडरिख एङ्गेल्स ।

43. विनिर्माणवादी जाक देरिदाले प्रयोग गरेको 'राइटिङ् अन्डर इराजर' – को तात्पर्य के हो ?
(A) अघिल्लो पुस्ताले लेखेको कुरा पछिल्लो पुस्ताले बिर्सिंदै जान्छ ।
(B) जति लेख्तै गयो अर्थउति पर सर्दै जान्छ ।
(C) लेख्तै जाँदा रचनाकारको आपनो व्यक्तित्त्व लोप हुँदै जान्छ ।
(D) शोधकर्ता वा विचारकले आपनो शोधबारे प्रश्न गर्दै गर्नुपर्छ ।

44. "पापमा हात चोपिछ चुरा फुटेकी ठिटीले ।
अँगारको डल्लो पारेछ अनि दैवको मुठी ले ।"
– यी पङ्क्तिका रचनाकार को हुन ?
(A) लक्ष्मीप्रसाद देवकोटा ।
(B) माधव घिमिरे ।
(C) महानन्द सापकोटा ।
(D) धर्मराज थापा ।

45. 'शब्दकेन्द्रवाद' भनेको के हो ?
(A) शब्द नै भाषाको केन्द्रीय तत्त्व हो ।
(B) शब्द निश्चित हुन्छ, अर्थ अनिश्चित र अनिर्धार्य ।
(C) शब्द नै समस्त सृष्टिको मूल हो ।
(D) शब्दले निश्चित अर्थ दिन्छ जसबाट हाम्रो विश्वासको गठन हुन्छ ।

46. कृति, जगत् र समीक्षक को शृङ्खला आधुनिकतावादको लक्षण हो भने उत्तरआधुनिकतावादको लक्षण के हो ?
(A) कृतिकार, कृति र पाठक ।
(B) पाठ, पाठक र पठन ।
(C) कृति, प्रकाशक वा मिडिया र पाठक ।
(D) सन्दर्भमुक्त सङ्केत, बह्वर्थकता र निरपेक्ष ग्रहणकर्ता ।

47. "तिम्रै सुन्दर हरियालीमा
तिम्रै शीतल वक्षस्थलमा
यो कविको शैशवकाल बित्यो
हाँस्यों, खेल्यो, वनकुञ्ज घुम्यो"
– 'यो कवि' भनेर कसलाई भनिएको हो ?
(A) लक्ष्मीप्रसाद देवकोटा ।
(B) गोपालसिंह नेपाली ।
(C) सिद्धिचरण श्रेष्ठ ।
(D) अगमसिंह गिरी ।

48. भाषाविज्ञानमा 'शासन र बन्धन सिद्धान्त' – का प्रतिपादक को हुन् ?
(A) चार्ल्स फिल्मोर ।
(B) के. एल. पाइक ।
(C) जे. आर. फर्थ ।
(D) नोअम अभ्राम चम्स्की ।

49. लोकवार्ताको जादु-टुनावादी सिद्धान्तका प्रतिपादक को हुन् ?
(A) ग्रिम-बन्धुहरु ।
(B) जेम्स जर्ज फ्रेजर ।
(C) सार्लोट सोफिया बर्न ।
(D) फ्रेडरिख म्याक्समुलर ।

50. स्टिथ थम्पसनको 'मोटिफ-इन्डेक्स पद्धति' – का आधारमा नेपाली लोककथाको अध्ययन कसले गरेका छन् ?
(A) तुलसी दिवस ।
(B) चूडामणि बन्धु ।
(C) हंसपुरे सुवेदी ।
(D) मोतीलाल पराजुली ।



Latest Sarkari Jobs, Govt Exam Results, Vacancies and updates on one click
Know More

prepp

# Latest Sarkari jobs, Govt Exam alerts, Results and Vacancies

- Latest News and Notification
- Exam Paper Analysis
- Topic-wise weightage
- Previous Year Papers with Answer Key
- Preparation Strategy & Subject-wise Books

To know more **Click Here**

www.prepp.in